APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# माछो माछो भ्यागुतो कथामा विश्वदृष्टि

**होमनाथ जोशी**
उपप्राध्यापक
डोटी बहुमुखी क्याम्पस
joshi.homnath123@gmail.com

Received: Feb 22, 2025 Revised: May 18, 2025 Accepted: May 27, 2025

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेख कथाकार इस्मालीको माछो माछो भ्यागुतो कथामा व्यक्त विश्वदृष्टिको अध्ययनमा केन्द्रित रहेको छ । विश्वदृष्टि लुसियन गोल्डमानद्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय अवधारणा हो । समाजमा रहेका विभिन्न वर्गको विश्वदृष्टि कसरी कथामा व्यक्त भएको छ ? समाजको विश्वदृष्टिसँग कृतिको समाजका बिच समानधमर्मिता छ कि छैन ? भन्ने समस्याको प्राज्ञिक समाधान खोज्ने प्रयत्न गरिएको छ । यस लेखमा कथाका मुख्य सन्दर्भहरूलाई साक्ष्यका रूपमा प्रस्तुत गर्दै पाठविश्लेषण विधिको प्रयोग गरिएको छ भने यसमा व्याख्याविश्लेषणमा आधारित गुणात्मक पद्धति अवलम्वन गरिएको छ । यस लेखमा समाजमा रहेको पुँजीपति वर्ग र त्यसको उत्पीडनमा परेको मजदुर वर्गको विश्वदृष्टि र संरचनागत समानधर्मिताको मान्यताका आधारमा विश्लेषण गरिएको छ । यस क्रममा तत्कालीन नेपाली समाजमा प्रभुत्वशाली वर्ग र मजदुर वर्गको विश्वदृष्टिलाई कथामा प्रस्तुत गरिएकोले विश्वदृष्टिका आधारमा यो कथा प्रभावकारी छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

*शब्दकुञ्जी : उत्पत्तिमूलक संरचनावाद, परावैयक्तिक चेतना, वर्गीयता, समानधर्मिता, संस्कृति ।*

## विषयपरिचय

'माछो माछो भ्यागुतो' कथाकार इस्माली (२०१२) द्वारा रचना गरिएको *माछो माछो भ्यागुतो* कथासङ्ग्रह (२०५२) भित्र सङ्गृहीत प्रतिनिधि कथा हो । उनका हालसम्म *माछो माछो भ्यागुतो* (२०५२), *घाम घामजस्तो छैन* (२०५८), *काट जर्किन डी* (२०६४) र *इस्मालीका प्रतिनिधि कथाहरू* (२०६७) जस्ता कथासङ्ग्रह प्रकाशित छन् । यसै गरी उनले नेपाली बालसाहित्यलगायत नेपाली साहित्यका विभिन्न विधामा योगदान दिएका छन् । कथाकार इस्मालीले नेपाली समाजमा वर्गीय विषमताले जन्माएका विकृति र विसङ्गतिको उद्घाटन पात्रका माध्यमबाट गरेका छन् । उनका कथामा नेपाली सामाजिक जनजीवनका साथै नेपाली राजनीतिमा देखापरेका विभिन्न विसङ्गतिको चित्रण पाइन्छ । उनले नेपाली राजनीतिमा क्रियाशील भएर राजनीतिलाई व्यवसाय बनाउँदै सामान्य मानिसलाई ठग्ने प्रवृत्तिलाई उदाङ्गो पारेका छन् भने गरिव तथा शोषित वर्गलाई मुक्तिका लागि अगाडि बढ्न प्रेरित गरेका छन् । उनको 'माछो माछो भ्यागुतो' कथामा पञ्चायत कालीन नेपाली समाजमा चुनाव हुँदा ठुला ठालुहरूले भोट प्राप्त गरेर चुनाव जित्न अनेकौं झुटा आश्वासनहरू दिई निमुखालाई ठग्ने र उल्टै उनीहरूमाथि शारीरिक तथा मानसिक

शोषण गर्ने तराइँको परिवेशलाई प्रस्तुत गरिएको छ । विशेष गरी नेपालको सामाजिक परिवेशमा गरिब तथा निम्न वर्गका समस्यालाई प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा पुँजीपति वर्ग र निम्न वर्गको विश्वदृष्टिलाई महत्त्वका साथ प्रस्तुत गरिएको छ । यस कथालाई अन्य मान्यताका आधारमा अध्ययन भएको पाइए तापनि विश्वदृष्टिसम्बन्धी समाजशास्त्रीय अवधारणालाई आधार बनाएर अध्ययन गरिएको पाइँदैन । अत: विश्लेष्य कथामा केकस्तो विश्वदृष्टि प्रस्तुत भएको छ भन्ने समस्यामा केन्द्रित भई यसको प्राज्ञिक समाधान खोज्नु नै यस लेखको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत कथामा व्यक्त विभिन्न वर्गको विश्वदृष्टि र समाजसँग त्यसको संरचनागत समानधर्मिताका आधारमा विश्लेषण गरी उक्त कथामा विश्वदृष्टिको प्रस्तुति कसरी भएको छ ? साथै कथा र समाजबिचको कस्तो संरचनागत समानधर्मिता पाइन्छ भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयत्न गरिएको छ ।

## शोधविधि

'माछो माछो भ्यागुतो' कथामा विश्वदृष्टि शीर्षकको प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीयक सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यस क्रममा कथाकार इस्मालीद्वारा रचना गरिएको 'माछो माछो भ्यागुतो' कथालाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ भने कथा विश्लेषणको सैद्धान्तिक आधारका लागि विश्वदृष्टिसम्बन्धी सैद्धान्तिक पुस्तक, विभिन्न विद्वान्हरूका समालोचनात्मक लेखलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । सङ्कलित सामग्रीको अर्थापनमा पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । साथै यस लेखमा विषयको पुष्टिका लागि साक्ष्यको प्रयोग गरिएको छ । प्रस्तुत कथालाई उच्चवर्गीय तथा पुँजीपतिवर्गको विश्वदृष्टि, निम्नवर्गीय विश्वदृष्टि र संरचनागत समानधर्मिताका आधारमा विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

लुसिएँ गोल्डमान मार्क्सवादबाट प्रभावित साहित्यको समाजशास्त्रीय अवधारणा प्रस्तुत गर्ने व्याख्याताका रूपमा चिनिन्छन् । उनको मूल सिद्धान्तलाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ । उनको संरचनावादको अभिप्राय नै विश्वदृष्टि कलाकृतिमा व्यक्त हुन्छ र त्यो विश्वदृष्टि समूहमनकै अभिव्यक्ति हो, जुन कविको मनमा उत्कर्षमा पुगेर प्रकट हुन्छ (गौतम, २०५०, पृ. २७) । कवि वा साहित्यकार समाजको सदस्य हो र उसको विचार सामूहिक विचार हो । यही विचारबाट सामाजिक संरचना निर्माण हुने गर्छ । साहित्य विश्लेषणका विभिन्न अवधाणाहरू जस्तै विश्वदृष्टि पनि साहित्य विश्लेषणको महत्त्वपूर्ण अवधारणा हो । साहित्य र समाजबिचको सम्बन्धको अध्ययन गर्ने मान्यतालाई साहित्यको समाजशास्त्र भनिन्छ । साहित्यको समाजशास्त्रले कुनै पनि साहित्यिक कृतिभित्रको समाजको अध्ययन विश्लेषण गर्दछ । यसले समाजका अन्य संस्थाझैँ साहित्यलाई सामाजिक संस्थाका रूपमा ग्रहण गर्दै लेखकको स्थिति, साहित्यिक कृतिको प्रकाशन, कृतिको सामाजिकता र त्यस कृतिले समाजमा पुर्‍याएको योगदानको अध्ययन गर्दछ (पाण्डेय, २०७३ पृ. २३) । साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य नै समाजसँग साहित्यको सम्बन्धको खोजी गर्नु हो ।

गोल्डमानका अनुसार कृतिको सामाजिक स्वरूपलाई स्पष्ट पार्दै कुनै पनि कृति लेखकको रचना हुने गर्छ र त्यस रचनामार्फत लेखकको अनुभूति र विचार व्यक्त हुने गर्छ । त्यो विचार समाजका वर्ग तथा व्यक्तिको चिन्तनबाट प्रभावित हुने गर्छ । लेखकले आफ्नो वर्ग वा समूह र सामाजिक वर्ग वा समूहको

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

विचारलाई जोड्ने काम गर्छ (पाण्डेय, सन् १९७४, पृ. १४८) । विश्वदृष्टि कुनै पनि लेखकको निजी विश्वदृष्टि नभएर उसको वर्गको विश्वदृष्टि हुन्छ । विश्वदृष्टि एक वर्ग वा समुदायको सुसङ्गत दृष्टिकोण हो । किनकि व्यक्तिको विचार सुसङ्गत हुँदैन र स्थायी प्रकृतिको हुँदैन । त्यसैले विश्वदृष्टि व्यक्तिको विचारको वास्तविक रूप होइन । विश्वदृष्टिको विकास कुनै समूह वा वर्गको कुनै सामाजिक ऐतिहासिक प्रक्रियाले गर्छ । एउटा वर्ग वा समूह अर्को वर्ग वा समूहसँग अनेक किसिमका सम्बन्ध बनाउँदै भाव वा विचारको एउटा व्यवस्था निर्माण गर्छ । साथै त्यो वर्ग वा समूह प्रकृतिको सन्दर्भमा पनि आफ्नो विचार व्यवस्थाको विकास गर्दै जान्छ र त्यही विचार व्यवस्थाले विश्वदृष्टिको रूप धारण गर्छ (पाण्डेय, सन् १९७४, पृ. १४९) । जसको निर्माण कुनै एउटा व्यक्तिद्वारा नभएर कुनै वर्ग वा समुदायले गरेको हुन्छ । एक वर्ग वा समूहको जीवन जगतका बारेको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । कुनै पनि कृति व्यक्ति विशेषको मात्र हुँदैन उसले कृतिमा व्यक्त गरेको त्यो विचार समुदायबाट प्रभावित बनेको हुन्छ । विश्वदृष्टि समवेत समूह चेतना हो । यसले व्यक्तिहरूलाई समूहका रूपमा एकत्रित गर्दै उसलाई सामूहिक पहिचान दिएर बाँध्ने काम गर्छ ।

विश्वदृष्टि कुनै निश्चित कालखण्डमा आधारित हुने गर्छ । यसले कुनै एक वर्गको विचार तथा अनुभूति र व्यवहार समग्रतामा प्रकट हुने गर्छ । विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित हुने गर्छ र त्यो कला वा साहित्यका माध्यमबाट प्रकट हुने गर्छ । त्यसैले विश्वदृष्टिको खोजी कृतिबाट गरिनु पर्छ तर त्यसको प्रमाणीकरणका लागि वर्ग वा समूहको विश्वदृष्टिको खोजी आवश्यक छ (पाण्डेय, सन् १९७४, पृ. १४९ । गोल्डमानले विश्वदृष्टिको संरचना कृतिभित्रको संसारका बिच समानधर्मिता रहेको हुन्छ भन्दै साहित्यको समाजशास्त्रीले यही समानधर्मिताको खोजी गर्दै यी दुईका बिचको सम्बन्धलाई प्रस्तुत गर्नुका साथै महान् कृतिहरूमा संरचनागत समानधर्मिता बढी हुने कुरा औँल्याएका छन् (सन् १९८०, पृ. १११) । गोल्डमानको यस मान्यताका तिनओटा स्रोत रहेका छन् । उनले जर्ज लुकाचको प्रारम्भिक चिन्तन, पियाजेको मनोविज्ञान र संरचनावादवाट प्रभाव हासिल गरेका छन् । उनले जर्ज लुकाजको आरम्भिक चिन्तनको महत्त्व स्वीकार गर्दै आफ्नो मार्गदर्शक मानेका छन् । उनले जर्ज लुकाचको चिन्तनबाट समग्रता, विश्वदृष्टि, रूप, परावैयक्तिक चेतना, सम्भावित चेतना र वस्तुपरक धारणा लिएको पाइन्छ (पाण्डेय, सन् १९७४, पृ. १४७) । विश्वदृष्टिको निर्माण र विकास एउटा चलिरहने पक्रिया हो ।

## माछो माछो भ्यागुतो कथाको सन्दर्भ

'माछो माछो भ्यागुतो' कथा वर्गीय विषमतालाई विषय बनाएर प्रस्तुत गरिएको कथा हो । पञ्चायतकालीन नेपाली समाजमा चुनाव हुँदा प्रभुत्वशाली वर्ग निम्न वर्गमाथि झुटो आश्वासन दिएर कसरी आफ्नो स्वार्थ पूरा गर्दथे भन्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस कथामा विशेष गरी नेपालको तराईको सामाजिक जनजीवनमा नन्द राय माधो बाबु र शर्माको त्रिपक्षीय चुनावी प्रतिस्पर्धा देखाइएको छ । गाउँमा चुनावको लहर चलेको छ । चुनावका लागि माननीयका उमेद्वारहरू तँछाडमछाडका साथ लागिपरेका छन् । नेताहरू गाउँमा नर्तकी बोलाएर मतदातालाई आफ्नो पक्षमा पार्न प्रयत्न गर्छन् । गाउँभरि नै विभिन्न दलका चुनाव चिह्न र झण्डाले रङ्गीन बनेको छ । गाउँका नन्दन राय आफ्ना लठैत जम्मा गरेर जुलुस निकाल्छन् । बजारभरि जुलुस निकालिसकेपछि त्यो जुलुस बिसन देवाको भट्टीमा गएर समाप्त हुन्छ । गाउँमा नन्दन रायले चुनाव जित्न एकलाख खर्च गरेको कुरा चारैतिर सुनिन्छ । नन्दन

रायले बहुदल निर्दलको चुनावमा पनि चुनाव लड्न पाएको पैँसाले तराईमा खेत किनेको कुरा चर्चा हुन्छ । नन्दन राय यसपटक पनि ऊसँग एकान्तमा कुरा गर्छन् । यस पटक कुनै सरकारी अफिसमा काममा लगाइदिने आश्वासन दिन्छन्, तर त्यो कुराले उसको मन जित्न सक्दैन । गाउँलेहरूका माझ नन्दन रायले यसअघि पनि निकै आश्वासन दिएका हुन्छन् । गाउँमा बस चलाउने, नहर ल्याउने, रातुमा पक्की बाँध बाँध्ने कुराहरू नयाँ थिएनन्, तर उसलाई यसबारे कुनै कुनै चासो हुँदैन । गाउँमा छिमेकी भारतबाट मगाइएका नर्तकीको नृत्य तथा सङ्गीतले गाउँ सङ्गीतमय हुन्छ । उसको पेट भने भोको र रित्तो हुन्छ । पानी समयमा नपरेका कारण अन्नबाली पनि उत्पादन हुन छाडेको छ । ऊ सुतेको पुरानो गुन्द्रीमा उडुस र उपियाँ मात्र छन् । रातभरि लामखुट्टेले सताउँछ । चुनावको वातावरण भएसँगै गाउँ तीन दलमा विभाजित हुन्छ । नन्द राय, माधो बाबु र शर्माजी प्रतिस्पर्धामा उत्रिन्छन् । ती उमेदवारहरू हुनेखाने सम्पन्न परिवारका हुन्छन् । गाउँका केही परिवार भने कुनै पनि नेता र दलका पछाडि नलागी तटस्थ हुन्छन् । ती नेताले पैँसाको लालच देखाउँदा पनि आफ्नो विचारमा अडिग हुन्छन् । गाउँमा जसरी ढोलहरू बज्छन् । त्यसै गरी उसको पेटमा पनि ढोल बज्छ । उसकी श्रीमती चेपकटवाली पनि भोकभोकै हुन्छे । उसको छोरो भुटवा पनि भोकभोकै हुन्छ । समानताको नारा लगाउने माधोबाबुले उसको दश दिनको ज्याला नदिएको सम्झन्छ । ऊ पिँढीमा बसेर भोट कसलाई दिन उपयुक्त होला भनेर सोच्न थाल्छ उसलाई चाहेको व्यक्ति ठम्याउन गाह्रो पर्छ । उसले मुसहर टोलको समस्या हेर्ने समाधान गर्ने व्यक्ति ठम्याउन सक्दैन । उसलाई नन्द राय, माधोबाबु र शर्माजीप्रति विश्वास हुँदैन । ऊ किसुन भैयाले गरिबगरिब एक भएमा मात्रै रोजीरोटीको समस्या समाधान हुन्छ भनेको कुरा सम्झिन्छ । उता बौका मुसहरले गाली गरेको सुनिन्छ । आफ्ना छोरीबेटीमाथि शर्माजी र माधो बाबुले अनैतिक व्यवहार गरेको थाहा पाउँछ । उसले बौकालाई भोट कसलाई दिन्छौ त भन्दा दारुपानी सबैको खाने तर भोट कसैलाई नदिने कुरा गर्छ । यस कथामा पैँसा, बल र षडयन्त्रलाई मुख्य अस्त्र बनाई सोझा गरिब महिलालाई बलात्कार गर्ने , आफ्नो पक्षमा जनमत जुटाउन अनेक दाउँपेच गर्ने भोटका लागि सोझा जनतालाई भोज ख्वाउने र अनेक प्रलोभनमा पार्ने, आफ्नो स्वार्थ पूरा भएपछि जनताप्रति कुनै उत्तरदायित्व वहन नगर्ने सामाजिक सन्दर्भलाई प्रस्तुत गरिएको छ । कथामा समाजको विकासका लागि योग्य नेता नछान्दा प्रभुत्वशाली वर्गको सिकार बन्नु पर्ने स्थितिको चित्रण स्वाभाविक ढङ्गबाट गरिएको छ ।

## माछो माछो भ्यागुतो कथाको विश्लेषण

कथाकार इस्मालीको ‘माछो माछो भ्यागुतो’ कथा २०५२ सालमा प्रकाशित कथा हो । प्रस्तुत कथामा तत्कालीन समयको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षको चित्रण भएको पाइन्छ । प्रस्तुत कथामा समाजमा व्याप्त राजनीतिक विकृतिका साथै मजदुर तथा निम्न वर्गका समस्यालाई प्रस्तुत गरिएको पाइन्छ । यस कथामा नेपाली समाजको यथार्थ चित्रण भएकाले विश्वदृष्टिसम्बन्धी समाजशास्त्रीय अवधारणाका आधारमा कृति र तत्कालीन समाजका बिच कस्तो संरचनागत समानधर्मिता रहेको छ र कथामा कस्तो वर्गीय विश्वदृष्टि कायम रहेको छ भन्ने अध्ययन प्रस्तुत गरिएको छ ।

## उच्च वर्गीय विश्वदृष्टि

‘माछो माछो भ्यागुतो’ कथाले समाजमा रहेको गरिबी तथा आर्थिक कारणबाट उत्पन्न शोषण र अन्यायलाई प्रस्तुत गरेको छ । कथामा माधोबाबु, नन्द राय र शर्माजी जस्ता पात्रले उच्च वर्गको

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

प्रतिनिधित्व गरेका छन् । कथामा तराईको समाजमा व्याप्त गरिबीका साथै शोषण र अत्याचारलाई ऊ पात्र, उसको छोरो भुटवा र उसकी स्वास्नी चेपकटवालीका माध्यमबाट चित्रण गरिएको छ । कथामा सोझा तथा आर्थिक रूपमा विपन्न ऊ, उसकी पत्नी चेपकटवाली, छोरो भुटवा का साथै बौका मुसहर र किसुन भैयाले निम्न वर्गीको प्रतिनिधित्व गरेका छन् । यस कथामा विभिन्न दलबाट टिकट लिएर चुनाबी प्रतिस्पर्धामा लागेका माधोबाबु, नन्द राय र शर्माजीको उच्च सामन्त वर्गीय एउटा पिँढी वा समूह रहेको छ । तीमध्येका नन्दन राय सोझा गरिबहरूलाई झुटो आश्वासन दिई चुनाब जित्छन् तर चुनाब जितिसकेपछि आफ्ना आसेपासे र आफ्नो मात्रै स्वार्थ पूरा गर्छन् । यसपटकको चुनावमा पनि पहिले जस्तै भोट लिनका लागि उसलाई एकान्तमा लगेर कुनै कार्यालयमा चपरासी बनाइदिने आश्वासन दिन्छन् तर उसलाई त्यो आश्वासन पत्यार लाग्दैन, किन भने ऊ तिनै व्यक्तिबाट बारम्बार ठगिएको छ । नन्दन रायले नोकरी लगाइ दिने आश्वासन मात्र नदिएर गाउँमा मोटरबाटो बनाउँने, बस चलाउँने र नदीमा बाँध हालेर धनजनको सुरक्षा गर्ने आश्वासन दिन्छन् । गरिब बौका मुसहरलाई चपरासी बनाए पनि उसकै छोरीबेटीहरूको इज्जत लिलाम गर्न पछि पर्दैनन् । गाउँमा उच्च वर्गका बिच चुनावी प्रतिस्पर्धा हुन थाल्छ । तीमध्येका माधोबाबु पनि पैँसाको प्रलोभन देखाएर भोट आफ्नो हात पार्न चाहन्छन् । माधोबाबु एकातिर ठुलाठुला आश्वासन दिन्छन् भने अर्कोतिर उसले मजदुरी गरेको ज्याला समेत दिदैनन् । चुनावी प्रतिस्पर्धामा लागेका माधोबाबु समाजमा परिवर्तन ल्याउने गरिबका दुःख अन्त्य गर्ने कुरा गर्छन् तर यो कुरा उसलाई पत्यार लाग्दैन ।

प्रस्तुत कथामा उच्च वर्गको एउटा पिँढी वा समूह रहेको छ । पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने त्यो समूह आफ्नो स्वार्थका निम्ति मजदुर वर्गमाथि षडयन्त्र गर्न क्रियाशील रहेको छ । आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा समाजमा हैसियत बनाएको त्यस समूहले पटकपटक गरिबको विश्वासमाथि घात भएको छ । यति मात्रै नभएर आर्थिक रूपमा कमजोर वर्गमाथि अनेक प्रलोभनसँगै शक्तिको दुरुपयोग गरी गरिब परिबारकी छोरी स्वास्नीमाथि शोषण गरेको छ । गरिब तथा कमजोर वर्गलाई आफ्नो स्वार्थका लागि मात्रै प्रयोग गर्ने विचारधारा समाजमा निर्माण भएको छ । त्यसैले प्रभुत्वशाली वर्गको विचारधाराबाट बारम्बार सिकार बन्न पुगेका छन् । समाजको उच्च वर्गका प्रतिनिधिका रूपमा रहेका माधोबाबु, नन्दन राय र शर्माजीको अभिव्यक्तिबाट उच्च वर्गको विश्वदृष्टि प्रस्तुत भएको छ । समाजमा उच्च वर्गले सधैँ आफ्नो नाफा र फाइदा मात्रै हेर्न चाहन्छ । झुटो जालझेल र षडयन्त्रद्वारा प्राप्त वैभवतालाई आफ्नो परिश्रमको उपज ठान्दछ । त्यसैले पटकपटक गरिब तथा विपन्न वर्गलाई प्रयोग गरेर सफलता प्राप्त गनुलाई आफ्नो धर्म र कर्म ठानेको छ । त्यसैले बारम्बार षड्यन्त्र र धोकालाई आफ्नो साधन बनाएको छ । यस्तो वर्गलाई समाजको सुख र समृद्धिसँग कुनै लिनुदिनु छैन । यस वर्गले बाहिरी रूपमा समाजको अगुवाका रूपमा प्रस्तुत गर्न खोजे पनि अन्तर्य कुरा देखिएको भन्दा विपरीत छ ।

प्रस्तुत कथामा माधोबाबु र शर्माजीले गाउँमा चुनाव आउँदा गरिब जनतामा झुट्टो आश्वासन बाँडेर भ्रम सिर्जना गर्ने काम गरेका छन् । सधैँ झैँ यसपटक पनि गरिबलाई पैँसा बाडेर भोट प्राप्त गर्न चाहन्छन् तर ऊ पात्रलाई उनको विचारधाराप्रति कुनै विश्वास छैन । समाजमा वपविर्तनको भ्रम सिर्जना गर्ने माधोबाबुले समाजको परिवर्तन त टाढाको कुरा हो ऊ पात्रले काम गरेको ज्याला समेत दिएका छैनन् । जसका कारण ऊ, उसकी स्वास्नी र छोराले भोकभोकै सुत्नु परेको छ । कथामा एकातिर गरिबमाथि

झुट्टो आश्वासन थुपार्ने र अर्कोतिर गरिब मजदुर वर्गमाथि शोषण पनि गरिरहने द्वैध मानसिकता र विचारधारा कथामा प्रस्तुत भएको छ :

> चुनावको कारणबाट गाउँ तीन दलमा विभाजित भएको थियो– नन्दन राय, माधोबाबु र शर्माजी । सानातिना दुईचार दल अरुहरू पनि नभएका होइनन् तर विशेष जोडतोड र घम्साघम्सी यिनै तीनका बिचमा थियो । जिल्लाभरि जम्मा बिसजना उम्मेदवार थिए– सबै हुनेखाने र सुसम्पन्न...। (पृ. ३३)

कथाशंमा सुसम्पन्न वर्गले मात्रै चुनाब लड्ने नेपाली समाजको चित्रण गरिएको छ। चुनावमा पैँसा बाँडेर भोट प्राप्त गर्ने । चुनाब जितेपछि समाजको उत्थानका लागि नभएर आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्ने सोझा मजदुर किसानलाई यसरी नै पत्येकपटक ठग्ने उच्चवर्गीय सामाज एकातिर छ भने अर्कोतिर प्रत्येकपटक तिनै उच्चवर्गको जालझेल र षडयन्त्रको शिकार बन्न पुगेको निम्न वर्गीय समाज छ। पैँसाको प्रलोभन दिएर चुनाब जितिन्छ भन्ने विचारधाराकै कारण प्रत्येक चुनाबमा जनताको आँखामा छारो हालेर पदप्रतिष्ठा प्राप्त गर्ने धोका दिने उच्च वर्गले जनतालाई खोक्रो सहानुभूति बाँडेर जनतालाई शोषण गर्ने उच्च सामन्त वर्गीय विचारधारा रहेको छ । यो एक व्यक्तिको विचारधारा नभएर समाजमा रहेका प्रभुत्वशाली वर्गकै समग्र विचारधारा हो। गरिब मजदुर वर्गलाई कामको ज्याला नदिने। श्रम तथा शारीरिक शोषण गर्ने उच्च वर्गको विचारधारा सक्रिय देखिन्छ :

> गर्छ कल्याण ! पैँसाको खोलो बगाउनेले पहिले बगेको खोलो फर्काउँछ कि जनताको कल्याण गर्छ ? हाम्रो कल्याण हुने व्यवस्ता त हामीले नै लडेर ल्याउनु पर्छ ।" यस पटक समस्याको पोको उसले चेपकटवालीको सामु फुकाएर राखिदियो । (पृ. ३३)

प्रस्तुत कथांशमा उच्च वर्गका विगतका व्यवहार र क्रियाकलापबाट पीडित निम्नवर्गीय पात्रलाई आफ्नो पदको पटकपटक दुरुपयोग गरी आफ्नो आर्थिक हैसियत बनाउने प्रभुत्व वर्गीय विचारधारा प्रस्तुत भएको छ । यसमा चुनावी प्रचारका साथै जनतालाई आफ्नो प्रभाव पार्न छिमेकी मुलुकबाट नर्तकीहरू ल्याएर नृत्य प्रस्तुत गर्ने, चुनाव जित्न पैँसा बाँड्ने र गरिबकै छोरीबुहारीमाथि शारीरिक शोषण गर्ने प्रवृत्तिबाट पूँजीपति वर्गमा निहित सामन्तवादी विचारधारा प्रस्तुत हुन पुगेको छ। यति मात्रै नभएर गरिब मजदुरलाई :काममा लगाएर आफू मुनाफा लिने तर गरिबलाई ज्यालासम्म नदिई श्रम शोषण गर्ने सामन्तवादी विचारधारा माधोबाबु नन्दन राय र शर्माजीका माध्यमबाट प्रस्तुत भएको छ।

प्रस्तुत कथामा चुनाव हुँदा देशविकासका लागि नारा भाषण हुन्छ । चुनाव जित्नका लागि पैँसा खर्च गरिन्छ। विभिन्न षडयन्त्र गरी चुनाव जितिन्छ । त्यसपछि चुनावी नारा र भाषण हराउँछ । देश र समाजको भन्दा निजी स्वार्थ पूरा गरिन्छ। निम्न वर्गका जनताहरू उही पुरानो दुःख, कष्ट र हैकमवादी प्रवृत्तिबाट पीडित बन्छन् । उच्च वर्गका अवाञ्छित क्रियाकलापका कारण सोझा जनताका भावनामा पटकपटक ठेस पुर्‍याएको छ । हरेकपटकको झुट्टो र षडयन्त्रमा परेका निम्न वर्गलाई यसपटकको चुनावमा भने कुनै षडयन्त्रले काम गर्दैन। कथामा ऊ पात्र, किसुन भैया, चेपकटवालीले यसपटक कसैलाई पनि भोट नदिने निर्णयमा पुग्नुले सामन्तवादी विचारधाराकै बिचमा अर्को सामूहिक विचारधारा निर्माण हुन पुगेको छ। यस कथामा गरिब मजदुरहरू एक नभएसम्म समाजको शोषण अन्त्य हुनसक्ने विचारधारा यसरी प्रस्तुत भएको छ :

> चेपकटवालीले मुन्टो हल्लाउँदै उसको कुरामा सहमति जनाई र फेरि सोधी–"आजकाल त किसुनभैया पनि आउन छाडे । बडा असल मान्छे छन् । उनीहरू कसलाई भोट दिन्छन् ?" "फुर्सद पाएन होला । उनीहरू भोटसोटको झमेलामा छैनन् साफ भन्दिए–गरिब गरिब एक भए मात्रै रोजीरोटीको समस्या हल हुन्छ र गरिब दु:खीको कल्याण हुन्छ । (पृ. ३७)

प्रस्तुत कथामा प्रभुत्वशाली वर्गले गरिब र विपन्न वर्गमाथि अनेक षडयन्त्र गर्दै आएकोमा यसपटक आफू षड्यन्त्रको सिकार न बन्ने कुरामा दृढ देखिन्छन् । उनीहरू प्रभुत्वशाली वर्गका विरूद्ध आफ्नो छुट्टै सामूहिक विचार धारा निर्माण गर्छन् । गरिब गरिब एक भएमा मात्र गरिबको कल्याण सम्भव छ । त्यसैले अब गरिब एक हुनु पर्छ भन्ने विचार प्रस्तुत भएको छ । कथामा निम्न वर्गमाथि भएको आर्थिक, सामाजिक शोषणका साथै शारीरिक शोषणबाट उत्पन्न निम्नवर्गीय विचारधारा यसरी प्रस्तुत भएको छ :

> अनायास बौका मुसहर जथानाम गाली गर्दै फतफताउन थालेको सुनियो । ऊ जुरक्क उठेर बाटोतिर निस्क्यो । धमिलो उज्यालोमा दुईजना मान्छे लुङ्गी सम्हाल्दै भागेको देख्यो उसले । बौका मुसहर फतफताउँदै थियो–"साला ! रन्डी खाना है ? अपना माई-बहिन ...। (पृ. ३७)

कथामा पैँसा र शक्तिको आडमा चुनावी प्रतिस्पर्धामा लागेका माधोबाबु र शर्माजी अँध्यारोमा बौकामुसहरको घरबाट भाग्नुले गरिब तथा मजदुर वर्गमाथि गरिने शोषणलाई प्रस्तुत गरिएको छ ।

## निम्न वर्गीय विश्वदृष्टि

प्रस्तुत कथामा निम्न वर्गीय विश्वदृष्टिलाई सशक्त प्रस्तुत गरिएको छ । परिवर्तनको आशामा रहेका निम्न वर्गलाई उच्चवर्गले चुनाब जितिसकेपछि आफू रित्तो हात हुनु परेको कुरालाई माछो माछो भ्यागुतोको व्यावहारिक सन्दर्भले प्रस्तुत गरेको छ । यस कथामा बहुदल निर्दलको चुनावी प्रतीस्पर्धाको सन्दर्भ प्रस्तुत भए तापनि वर्तमान नेपाली समाजको विकृत राजनीतिक विचारधारा प्रस्तुत गरिएको छ । वर्तमान बहुदयीय व्यवस्थामा पनि पुरानो अभिजात वर्गीय विचारधारा कायम रहेको परिप्रेक्ष्यमा समाजमा अर्को नयाँ विश्वदृष्टिले जन्म लिएको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> चेपकटवालीले मुन्टो हल्लाउँदै उसको कुरामा सहमति जनाई र फेरि सोधी–"आजकाल त किसुन भैया पनि आउन छाडे बडा असल मान्छे छन् । उनीहरू कसलाई भोट दिन्छन् ?" "फुर्सद भएन होला । उनीहरू भोटसोटको झमेलामा छैनन् । उनले साफ भन्दिए–गरिब गरिब एक भए मात्र रोजीरोटीको समस्या हल हुन्छ र गरिब दु:खीका कल्याण हुन्छ । (पृ. ३७)

प्रस्तुत कथांशमा पुरानो राजनीतिक विचारधाराका विरुद्ध नयाँ विचारधारा निर्माण भएको देख्न सकिन्छ । गाउँमा किसुनभैया लगायतका व्यक्तिहरू गरिबहरू एक भएर उच्च वर्गका विरुद्ध लागेमा मात्रै गरिबको जीवनस्तर माथि उठ्ने र त्यसका लागि निम्न वर्गले नेतृत्व गर्नु पर्ने विचार निर्माण भएको छ । चुनाब जित्नकै लागि विगतका दिन जस्तै पैँसा दिने, नोकरी लगाउने, सडक बनाइदिने, गाढी चढ्न पाउँने, नदीमा बाँध बाँधिदिने आश्वासन दिए पनि किसुनभैया, ऊ र उसकी स्वास्नी चेपकवालीलाई ती आश्वासन विगतझैँ झुटा लाग्छन् । त्यसैले यसपटकको चुनावमा कुनै पनि नेतालाई भोट दिएर नजिताउने निर्णयमा पुग्छन् ।

कथामा उच्च वर्गीय सामन्ती विचारधाराका क्रियाशील रहेका बेला निम्न वर्गीय विचारधारा प्रस्तुत भएको छ । यस कथामा चुनाव हुँदा देशविकासका लागि नारा भाषण हुन्छ । चुनाव जित्नका लागि पैँसा खर्च गरिन्छ । विभिन्न षडयन्त्र गरी चुनाव जितिन्छ । त्यसपछि चुनावी नारा र भाषण हराउँछन् । देश र समाजको भन्दा निजी स्वार्थ पूरा गरिन्छ । निम्न वर्गका जनताहरू उही पुरानो दुःख, कष्ट र हैकमवादी प्रवृत्तिबाट पीडित बन्छन् । उच्च वर्गका अवाञ्छित क्रियाकलापका कारण सोझा जनताका भावनामा पटकपटक ठेस पुर्‍याएको छ । हरेकपटकको झुट्टो र षडयन्त्रमा परेका निम्न वर्गलाई यसपटकको चुनावमा भने कुनै षडयन्त्रले काम गर्दैन । कथामा ऊ पात्र, किसुन भैया, चेपकटवालीले यसपटक कसैलाई पनि भोट नदिने निर्णयमा पुग्नुले सामन्तवादी विचारधाराकै बिचमा अर्को सामूहिक विचारधारा निर्माण हुन पुगेको छ । यस कथामा गरिबमजदुरहरू एक नभएसम्म समाजको शोषण अन्त्य हुनसक्ने विचारधारा यसरी प्रस्तुत भएको छ :

> चेपकटवालीले मुन्टो हल्लाउँदै उसको कुरामा सहमति जनाई र फेरि सोधी–“आजकाल त किसुनभैया पनि आउन छाडे । बडा असल मान्छे छन् । उनीहरू कसलाई भोट दिन्छन् ?” “फुर्सद पाएन होला । उनीहरू भोटसोटको झमेलामा छैनन् साफ भन्दिए–गरिब गरिब एक भए मात्रै रोजीरोटीको समस्या हल हुन्छ र गरिब दुःखीको कल्याण हुन्छ । (पृ. ३७)

प्रस्तुत कथामा प्रभुत्वशाली वर्गले गरिब र विपन्न वर्गमाथि अनेक षडयन्त्र गर्दै आएकोमा यसपटक आफू षड्यन्त्रको सिकार न बन्ने कुरामा दृढ देखिन्छन् । उनीहरू प्रभुत्वशाली वर्गका विरूद्ध आफ्नो छुट्टै सामूहिक विचार धारा निर्माण गर्छन् । गरिब गरिब एक भएमा मात्र गरिबको कल्याण सम्भव छ । त्यसैले अब गरिब एक हुनु पर्छ भन्ने विचार किसुनभैयाका माध्यमबाट प्रस्तुत भएको छ । यो किसुनभैयाको व्यक्तिगत विचारधारा नभएर समूहकै विचारधारा रूपमा प्रस्तुत हुन पुगेको छ । कथामा निम्न वर्गमाथि भएको आर्थिक, सामाजिक शोषणका साथै शारीरिक शोषणबाट उत्पन्न निम्नवर्गीय विचारधारा यसरी प्रस्तुत भएको छ :

> अनायास बौका मुसहर जथानाम गाली गर्दै फतफताउन थालेको सुनियो । ऊ जुरक्क उठेर बाटोतिर निस्क्यो । धमिलो उज्यालोमा दुईजना मान्छे लुङ्गी सह्माल्दै भागेको देख्यो उसले । बौका मुसहर फतफताउँदै थियो–“साला ! रन्डी खाना है ? अपना माई-बहिन ... । (पृ. ३७)

प्रस्तुत कथामा गरिबहरूका छोरीमाथि आँखा लगाउनुका साथै पैसा र शक्तिका आडमा शारीरिक शोषण गर्ने प्रवृत्तिका विरुद्ध एकता र सामूहिक भावना विकसित भएको छ । बौका मुसहर घरमा नभएको मौका पारी अँध्यारोमा माधोबाबु र शर्माजी घरबाट निस्कनु र बौका मुसहरले देखेपछि रिसाउँदै गाली गर्नु उसको व्यक्तिगत आक्रोश भए पनि यसले निम्न वर्गीय सामूहिक विचारधारा निर्माण गरेको छ । बदलिँदो समय परिवेशमा नेताको झुटो आश्वासनप्रति सचेत बन्दै जनतालाई साधन मान्ने र गरिब वर्गमाथि शोषण गर्ने कुनै पनि नेतालाई भोट नदिने निर्णय गर्नुले निम्न वर्गीय विश्वदृष्टि निर्माण भएको छ । यसरी कथामा निम्नवर्गहरू आफ्नो अधिकारप्रति सचेत बन्दै गएको सन्दर्भ प्रस्तुत गरिएको छ । फलस्वरूप उनीहरू कसैको प्रलोभनमा नपरी यसपटक भोट नै नदिने निर्णय गर्छन् । समाजमा गरिबमाथि षड्यन्त्र गरी आफू पद र प्रतिष्ठा प्राप्तिमा क्रियाशील उच्च वर्गप्रति विश्वास गर्दैनन् । बरु गरिबगरिब मिलेर अगाडि बढ्नु पर्छ भन्ने विश्वदृष्टि निर्माण गर्छन् ।

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

## संरचनागत समानधर्मिता

'माछो माछो भ्यागुतो' कथाको समाज र तत्कालीन पञ्चायती व्यवस्थामा हुर्केको सामन्तवादी समाजका बिच समानधर्मिता पाइन्छ । गोल्डमानले कुनै समाजमा विद्यमान विश्वदृष्टि र समाजमा व्यक्त विश्वदृष्टिका बिच समानधर्मिता रहने चर्चा गरेका छन् । समाजको विश्वदृष्टि र कृतिबिचको विश्वदृष्टिका बिच जति समानधर्मिता कायम हुन्छ त्यति नै त्यो कृति महान् हुन्छ भन्ने मान्यताका आधारमा माछो माछो भ्यागुतो कथाको विश्वदृष्टि र समाजको विश्वदृष्टिका बिच संरचनागत समानधर्मिता पाइन्छ । कथामा मुख्य दुई वर्गको विश्वदृष्टि प्रस्तुत गरिएको छ । एकातिर प्रभुत्वशाली सामन्त वर्गीय विश्वदृष्टि रहेको छ भने अर्कोतिर सामन्तवादी विश्वदृष्टिबाट मुक्तिको चाहना राख्ने निम्न वर्गीय विश्वदृष्टि प्रस्तुत गरिएको छ । यो कथा प्रथमपटक २०५३ सालमा प्रकाशित कथा हो । तत्कालीन समयको निरङ्कुश पञ्चायती राज्यव्यवस्थामा नेपाली समाजमका विपन्न वर्ग कसरी शोषित र उत्पीडित बन्दथे भन्ने कुरा प्रस्तुत गरिएको छ । कथामा बहुदल निर्दलका बिचको चुनावी प्रतिस्पर्धा प्रस्तुत गरिएको छ । साथै यसले विशेष गरी नेपालको तराईँको समाजलाई प्रस्तुत गरेको छ । गरिब तथा मजदुर वर्गलाई दैनिक जीविका चलाउन कठिन भएको, बस्ने गतिलो घरसमेत नहुँदा रातभरि लामखुट्टेको टोकाइ सहनु पर्ने, समयमा पानी नपरेका कारण अन्नबाली उब्जाउ नहुने, आकाशपानीको भर पर्नु पर्ने, घरमा खानका लागि केही नहुँदा घरका जहान केटाकेटी भोकभोकै सुत्नु पर्ने, ज्याला मजदुरी समेत प्राप्त नहुने, चुनावको प्रयोजनका लागि मात्रै विकासका नारा र भाषण हुने, शक्तिको आडमा गरिबका छोरी बुहारीको इज्जत लुटिने र चुनाव आफ्नो पक्षमा पारेर जित हासिल गर्न गरिब वर्गलाई अनेक प्रलोभन देखाएर षड्यन्त्र गर्ने तत्कालीन नेपाली समाजको चित्रण गरिएको छ । एकातिर तत्कालीन समाजमा शोषक तथा सामन्त वर्गको सिकार गरिब जनता थिए भने राज्य व्यवस्था पनि तिनै सामन्त वर्गको पोषक बनेको थियो । सामाजिक एवम् आर्थिक असमानताका साथै श्रम तथा महिलामाथिको शोषण व्यापक रहेको थियो । समाजमा चुनावी नारा र भाषण भए तापनि श्रमजीवीहरूका समस्या समाधान नभएको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

> उसको अर्थात् त्यो मुसहरी टोलको अर्थात् उनीहरू जस्ता श्रमजीवीहरूको समस्या कसले हेर्छ त ? घुरको धुवाँले पिरो हुँदै गएको आँखा मिच्दै ऊ फेरि पनि घोरियो– रोजीरोटीको समस्या कसले टार्न सक्छ ? नन्दन राय वा माधोबाबुले वा शर्माजीले वा अरू...अहँ...। (पृ. ३५)

गरिब तथा मजदुर वर्गलाई समाजमा नेतृत्व गर्ने उच्च वर्गले जतिसुकै नारा र भाषण गरे तापनि उनीहरूको कुरामा विश्वास लाग्दैन । तत्कालीन नेपाली समाजमा मुखले जतिसुकै ठुला कुरा गरे पनि व्यवहार भने ठिक त्यसको विपरीत पाइन्छ । यसरी तत्कालीन नेपाली समाजको पुँजीपति वर्ग र गरिब मजदुर वर्गको विश्वदृष्टिलाई यस कथाले प्रस्तुत गरेकाले तत्कालीन नेपाली समाज र कृतिको विश्वदृष्टिका बिच संरचनागत समानधर्मिता रहेको छ ।

## निष्कर्ष

कथाकार इस्मालीद्वारा रचना गरिएको 'माछो माछो भ्यागुतो' कथाले नेपाली समाजमा रहेको सामन्ती वर्ग र गरिब तथा मजदूर वर्गको विचारधारालाई प्रस्तुत गरेको छ । पञ्चायतकालीन नेपाली समाजमा रहेको नेतृत्व वर्ग तत्कालीन राज्यव्यवस्थाकै विचारधाराबाट प्रेरित देखिन्छ । गरिब तथा मजदुर वर्गलाई आफ्नो सत्ता आरोहण गर्ने साधनको रूपमा प्रयोग गर्दै सत्तामा पुगे पनि निम्न वर्गका समस्या

समाधान हुँदैनन् । पटक पटक नेतृत्व वर्गले दिएको धोका र झुटो आश्वासनलाई गरिब तथा मजदुर वर्गले पत्यार गर्दैनन् । बरु चुनावी नारा र भाषणमा सीमित नेतृत्व वर्गलाई भोट नै नदिने निर्णय गर्छन् । यो निम्न वर्गको सामन्ती वर्गका विरुद्धको मौन विद्रोह मात्र नभई सामूहिक विचारधारा पनि हो । यस कथामा पुँजीपति तथा सामन्त वर्गले नदीमा बाँध बाँध्ने, गाउँमा मोटर चलाउने र समाजलाई परिवर्तन गर्ने कुरा माछो माछो भ्यागुतोको व्यावहारिक सन्दर्भ प्रस्तुत गरिएको छ । गाउँमा मत आफ्नो पक्षमा पार्न पैँसा बाँड्ने, रोजगारीको आश्वासन दिने, गुन्डाहरूको बलमा चुनावी प्रचार गर्ने, चुनावी नारा जुलुस सकिएपछि भट्टीमा पस्ने, गरिबका छोरीबुहारी माथि कुदृष्टि राख्ने मात्रै नभई उनीहरूको आत्मसम्मानमा चोट पु-याउने, मजदुरहरूलाई काम गरेको ज्याला नदिने र चुनावमा तिनै व्यक्तिलाई भोट दिन प्रेरित गर्ने सामन्तवादी विश्वदृष्टि एकातिर छ भने अर्कोतिर गरिब तथा निम्न वर्गीय समाज छ जसले उच्च वर्गको षडयन्त्रलाई राम्ररी बुझेको छ । फलस्वरूप निर्वाचनमा कसैलाई पनि भोट नदिने निर्णय गर्छ । पुँतीपति तथा सामन्त वर्गले गरिब तथा मजदुर वर्गको उपकार नगर्ने भएकाले सबै गरिबहरू एक भएर अगाडि बढेमा मात्र गरिबको कल्याण सम्भव छ भन्ने सन्दर्भले निम्न वर्गीय विश्वदृष्टि प्रस्तुत हुन पुगेको छ । यसरी शोषण र उत्पीडनबाट पिल्सिएका मजदुर वर्गमा रहेको यस प्रकारको मुक्तिकामी विश्वदृष्टिलाई माछो माछो भ्यागुतो कथाले प्रस्तुत गरेको छ । यस कथामा तत्कालीन समाज र कृतिको समाजका बिच संरचनागत समानधर्मिताका साथै उच्च वर्गीय विश्वदृष्टि र निम्न वर्गीय विश्वदृष्टिलाई सफल रूपमा प्रस्तुत गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची

इस्माली, (२०७७), *माछो माछो भ्यागुतो* (दोस्रो.संस्करण), काठमाडौँ : शिखा बुक्स ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९८९), *साहित्य के समाजशास्त्र की भूमिका,* हरियाणा : साहित्य अकादमी ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन ।

Goldmann, Lucian (1980). *Essays on Method in the Sociology of Literature***.** Telos Press.

Lauranson, Diana and Swingewood (1972). *The Sociology of Literature*. Granada Publishing Limited.